सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

आदेश

०७३-WO-०४७१

विषयः परमादेश।

अधिवक्ता टिकाध्वज खड्का ..... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत.....विपक्षी

०७३-WO-०४८३

बिषयः उत्प्रेषण ।

विष्णुबहादुर राउतसमेत ..... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत.....विपक्षी

यसमा निवेदकहरुका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री रविनारायण खनाल, श्री हरिप्रसाद उप्रेती र अधिवक्ताहरु श्री रमेश बडाल, श्री टिकाराम भट्टराई, श्री चन्द्रकान्त ज्ञवाली, श्री टिकाबहादुर हमाल, श्री विजयप्रसाद मिश्र, श्री विकास भट्टराई, श्री ध्रुवप्रसाद चौलागाई, श्री अनन्तराज लुईटेल, श्री लिलाधर उपाध्याय, श्री हरि फुँयाल, श्री टिकाबहादुर कुँवर एवं निवेदक अधिवक्ता श्री टिकाध्वज खड्का, तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान महान्यायाधिवक्ता श्री रमणकुमार श्रेष्ठ तथा विद्वान सह-न्यायाधिवक्ता श्री संजिवराज रेग्मी तथा व्यवस्थापिका संसदका सम्माननीय सभामुखको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिनमणी पोखरेलले गर्नु भएको वहस समेत सुनियो।

यसमा अन्तरिम आदेश जारी गर्नु पर्ने हो वा होइन भन्ने सम्बन्धमा छलफलका लागि पेश हुन आएको प्रस्तुत विवादका सन्दर्भमा दुबै पक्षका विद्वान् कानून व्यवसायीहरुको बहस सुनी अब अन्तरिम आदेश सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ।

नेपालको संविधानको धारा २७४ को उपधारा (४) मा संविधान संशोधनका लागि "पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची ६ मा उल्लेखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ" भनी उल्लेख भएको देखिन्छ। उपरोक्त धारा २७४(४) "बमोजिम पठाइएको विधेयक तीन महिनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसदमा पठाउनु पर्नेछ" भनी धारा २७४(५) मा उल्लेख भएको छ। यसैगरी धारा २७४ को उपधारा (७) मा "उपधारा(५) बमोजिमको अवधिभित्र बहुसंख्यक प्रदेश सभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसदको सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्कृय हुनेछ" भन्ने प्रावधान रहेको पाइयो। यसबाट कुनै प्रदेशको सीमाना परिवर्तन गर्ने विषयसँग सम्बन्धित संविधान संशोधन विधेयक प्रदेश सभामा पठाउनु पर्ने र प्रदेश सभाले अस्वीकृत गरेमा विधेयक निष्क्रिय हुने प्रावधान संविधानमा रहेको देखिन आउँछ।

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम "संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधान सभा" संविधान प्रारम्भ भएपछि व्यवस्थापिका संसदमा रुपान्तरण भएको देखिन्छ। धारा २९६(३) ले "संविधान बमोजिम संघीय संसदले सम्पादन गर्नुपर्ने काम संविधान बमोजिम प्रतिनिधि सभाको निर्वाचन नभएसम्म उपरोक्त धारा २९६(१) बमोजिम रुपान्तरिक व्यवस्थापिका-संसदले गर्ने" प्रावधान रहेको छ। यसको साथै, धारा २९६ को उपधारा (४) मा "यो संविधान प्रारम्भ भएपछि प्रदेश सभा गठन नभएसम्म अनुसुची-६ (प्रदेशको अधिकारको सूची) बमोजिमको विषयमा कानून बनाउने प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदमा रहनेछ । त्यसरी बनेको कानून यो संविधान बमोजिमको प्रदेश सभा गठन भएको मितिले एक बर्ष पछि त्यस्तो प्रदेशको हकमा निष्क्रिय हुनेछ" भनी उल्लेख भएको देखिन्छ। उल्लेखित प्रावधानका अतिरिक्त धारा २७४, २९५, २९६ तथा संविधानका अन्य धारा, उपधाराहरुमा उल्लेख भएका प्रावधानहरु संविधान संशोधन गर्ने वा संविधानको कार्यान्वयन गर्ने अवस्थामा समग्रमा हेरिनु पर्ने र एक अर्को प्रावधानका बीच सार्थक र तर्कपूर्ण तादात्म्यता कायम हुने गरी व्याख्या र प्रयोग गरिनु वाञ्छनीय हुन्छ। नेपालको संविधान मिति २०७२ आश्विन ३ गते देखि लागू भैसकेको देखिँदा संविधानका आधारभूत संरचनाको सापेक्षतामा संविधानका प्रावधानहरुको अर्थ लगाईनु पर्दछ ।

नेपालको संविधानको धारा १ अनुसार संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुन्छन्। संविधान मूल कानून भएको हुँदा संविधानसँग बाझिने कानूनले मान्यता पाउन सक्दैन। संवैधानिक सर्वोच्चता कायम राख्नका लागि पनि संविधान प्रतिकूलका कानून वा काम

कारवाहीलाई मान्यता प्रदान गर्न हुँदैन। त्यसैले कुनै कानूनको निर्माण गर्दा संविधानद्वारा निर्धारित सीमा भित्र रहेर विधि र प्रक्रिया अनुशरण गर्नु आवश्यक हुन जान्छ। यो संविधानवादको मान्यता पनि हो। राज्य सञ्चालनका सन्दर्भमा संविधानलाई पवित्रतम् दस्तावेज (Sacrosanct document) मानिन्छ र राज्यका प्रत्येक अंग तथा निकायहरुले संविधानमा अभिव्यक्त भावना र मर्मलाई आत्मसात् गरी काम कारवाही सञ्चालन गर्नु अनिवार्य हुन्छ।

वर्तमान व्यवस्थापिका-संसद पूर्ववर्ती संविधानसभाको रुपान्तरित रुप भएको हुँदा संविधानको भावना, मर्म यसले अगाडि सारेको मूल्य, मान्यता र राखेको अभिष्ट र आदर्श प्रति विशेष रुपमा सम्वेदनशील र मर्मज्ञ छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । मिति २०७३।८।१४ मा नेपाल सरकारले व्यवस्थापिका-संसदमा दर्ता गराएको संविधान संशोधनको विधेयक उपर संसदमा छलफल भई संविधान अनुकूल छ वा छैन? प्रस्तावित संशोधनको औचित्य प्रमाणित हुन्छ वा हुँदैन ? आदि समग्र पक्षमा विचार विमर्श, वहस तथा मूल्याङ्कन भई उचित, संविधान अनुकूल एउटा तार्किक निष्कर्ष निकाल्ने अवस्था कायम रहेकै देखिन्छ। वस्तुतः कानून निर्माण प्रक्रिया अन्तर्गत कुनै पनि विधेयक उपर छलफल गरी कानून निर्माण गर्ने आधिकारिक स्थल (राज्यको अंग) भनेको व्यवस्थापिका-संसद नै हो। शक्ति पृथकीकरणको सिद्धान्तका अतिरिक्त नेपालको संविधानले आत्मसात गरेको सिद्धान्त, दर्शन र यसमा समावेश गरिएका प्रावधानका दृष्टिले हेर्दा पनि संविधान संशोधन सम्बन्धी विधेयकको उपयुक्तता वा अनुपयुक्तता परीक्षण र एकिन गरी संविधान अनुकूल हुने गरी निर्णय लिने अधिकार व्यवस्थापिका-संसदमा नै निहित रहेको देखिन्छ। संविधान प्रतिकूल कानून निर्माण हुन पुगेमा त्यसले मान्यता पाउन सक्दैन। न्यायिक पुनरावलोकनको माध्यमबाट त्यस प्रकारका संविधान प्रतिकूलका कानूनलाई यस अदालतले अमान्य घोषित गर्ने अवस्था आई पर्दछ। तर यसको तात्पर्य विधायन प्रक्रियामा रहेको विषयमा विधायिकाले आफ्नो दृष्टिकोण (Wisdom) प्रयोग गर्न नपाउँदैको अवस्थामा न्यायपालिकाबाट प्रकृया नै रोक्ने गरी आदेश गर्नु उचित देखिएन।

अतः माथि उल्लेख गरिएका सन्दर्भ, आधार र कारणबाट यसमा निवेदकहरुको माग बमोजिम प्रस्तावित संविधानको दोश्रो संशोधन विधेयकलाई प्रक्रियामा अगाडि बढाउन नदिने गरी रोक्नु भनी अन्तरिम आदेश जारी गर्न मिलेन। अरु कानून बमोजिम गर्नु ।

न्यायाधीश

प्रधान न्यायाधीश

इति संवत् २०७३ साल पुष १८ गते रोज २ शुभम् .....।